नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरूः-

१. कोभिड-१९ संक्रमणको जोखिमलाई मध्यनजर गर्दै विद्यार्थीको स्वास्थ्य, सुरक्षा तथा वचावटको विषयलाई विशेष ध्यान दिंदै देशभरका सबै आधारभूत तथा माध्यमिक विद्यालयहरूमा वार्षिक विदामा मिलान हुने गरी मिति २०७८ पौष २७ गतेदेखि २०७८ माघ १५ गतेसम्म विदा दिने निर्णय श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट भएको हुँदा उल्लेखित निर्णय कार्यान्वयनको व्यवस्था शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र सबै स्थानीय तहहरूले मिलाउने । साथै, सो विदा अवधिमा १२ वर्षदेखि १७ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई सबै स्थानीय तहमा रहेको स्वास्थ्य चौकी मार्फत खोप लगाउने कार्यक्रम रहेको हुँदा विद्यालयसँग सम्पर्क गरी आफ्ना बालबालिकाहरूलाई खोप लगाउन पठाउन सबै अभिभावकहरूलाई शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुर र स्थानीय तहहरूले अनुरोध गर्ने ।
२. क्याम्पस लगायत सबै शैक्षिक संस्थाहरूले पूर्व निर्धारित परीक्षाहरू तोकिएका जनस्वास्थ्यका मापदण्डहरू पालना गरी सञ्चालन गर्ने । परीक्षा केन्द्रमा मास्क र स्यानिटाइजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दूरीको प्रावधान कडाइकासाथ परिपालना गर्ने ।
३. अर्को निर्णय नभएसम्मका लागि भौतिक रूपमा २५ जना भन्दा बढी उपस्थित भई हुने सबै प्रकारका (राजनीतिक समेत) सभा, जुलुस, सम्मेलन, प्रदर्शन, भेला, मेला, जात्रा, महोत्सवहरू आयोजना गर्न रोक लगाउने ।
४. सरकारी कार्यालय, सार्वजनिक संस्थान, बैंक तथा वित्तिय संस्था तथा सहकारीहरूले भिडभाड नहुने सुनिश्चतता गरी भौतिक दूरी कायम एवं जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गरी, गराई सेवा प्रवाहको व्यवस्था मिलाउने ।
५. मिति २०७८ माघ ७ गतेदेखि लागू हुने गरी सार्वजनिक स्थानहरू (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला, पार्क आदि)मा प्रवेश गराउँदा र सार्वजनिक सेवा प्रदान गर्दा सम्बन्धित निकायहरूले कोभिड विरूद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने साथै जनस्वास्थ्यका मापदण्डहरू पूर्ण पालना गर्ने, गराउने ।
६. होटल, रेष्टुरेन्ट तथा पार्टी प्यालेसहरूको हकमा सम्बन्धित व्यवसायीहरूले दैनिक रूपमा निसंक्रमित गर्ने व्यवस्था मिलाउने र कामदार तथा कर्मचारीहरूलाई मास्क, Face Shield लगायतका जनस्वास्थ्यका मापदण्डहरू पूर्णरूपमा पालना गरेको सुनिश्चित गर्ने ।
७. सार्वजनिक यातायातहरूमा चालक, सहचालक तथा यात्रुहरूलाई मास्क अनिवार्य गर्ने र खोप लिएका व्यक्तिहरूलाई मात्र यात्राको सुनिश्चितता गर्ने ।
८. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलहरूमा नित्य पूजा बाहेक अन्य धार्मिक क्रियाकलापहरू सञ्चालन नगर्न अनुरोध गर्ने ।
९. अर्को निर्णय नभएसम्मका लागि पार्क तथा पिकनिक स्पोटहरू र खेलमैदानमा हुने सामूहिक खेलकूदहरू बन्द गर्ने ।

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधि...

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

१०. दक्षिणी नाकाबाट मकवानपुर जिल्लामा प्रवेश गर्ने यात्रुहहरूलाई सहजीकरण (ज्वरो नाप्ने/परीक्षण गर्ने, खोपको प्रबन्ध) गर्ने सम्बन्धमा हेटौंडा उपमहानगरपालिकाले जिल्ला प्रहरी कार्यालय, मकवानपुरसँग आवश्यक समन्वय गरी स्वास्थ्य कर्मचारी सहितको Hepl Desk रातोमाटेमा स्थापना गर्ने ।

११. जिल्लाभित्र अक्सिजनको सहज आपूर्तिका निम्ति कोभिड-१९ को दोस्रो लहरका बखत प्रयोगमा आएमा अक्सिजनका सिलिण्डरहरू यथाशीघ्र सम्बन्धित अस्पताल, स्वास्थ्य चौकी र स्थानीय तहहरूले संकलन गरी तयारी अवस्थामा राख्ने ।

१२. जिल्लाभित्र सक्रिय रहेका देहायका संघ संस्थाहरूले हेटौडा उपमहानगरपालिकासँग आवश्यक समन्वय गरी हेटौडा क्षेत्रमा बढी भिडभाड हुनसक्ने देहायका तोकिएका स्थानहरूमा डेस्क राखी मास्क अभियानलाई निरन्तरता दिने ।

**निम्न:-**

| डेस्क रहने स्थान | स्वयंसेवकको संख्या | स्वयंसेवक परिचालन गर्ने निकायहरू | बुथ निर्माण, मास्क, सेनिटाइजर लगयातका सामग्री उपलब्ध गराउने निकाय |
|---|---|---|---|
| हेटौडा मुख्य बसपार्क | आवश्यकता अनुसार | मानव अधिकार संरक्षण तथा मानव वेचबिखन विरूद्धको सञ्जाल, हेटौडा पुरानो नारायणी यातायात व्यवसायी क.प्रा.लि | मानव अधिकार संरक्षण तथा मानव वेचबिखन विरूद्धको सञ्जाल<br>पुरानो नारायणी यातायात व्यवसायी क.प्रा.लि |
| सीमा चोक | आवश्यकता अनुसार | जिल्ला सहकारी संघ, मकवानपुर | जिल्ला सहकारी संघ, मकवानपुर |
| बुद्ध चोक | आवश्यकता अनुसार | लायन्स क्लब इन्टरनेशनल एरिया-२<br>लियो क्लब इन्टरनेशनल एरिया-२ | लायन्स क्लब इन्टरनेशनल एरिया-२<br>लियो क्लब इन्टरनेशनल एरिया-२ |
| टयाम्पो पार्क (ओम भवन) | आवश्यकता अनुसार | रोटरी क्लब अफ हेटौंडा<br>टेम्पो तथा मझौला यातायात संघ | रोटरी क्लब अफ हेटौडा<br>टेम्पो तथा मझौला यातायात संघ |
| उद्योग वाणिज्य संघ चोक | आवश्यकता अनुसार | मकवानपुर उद्योग वाणिज्य संघ<br>राडो नेपाल, मकवानपुर | मकवानपुर उद्योग वाणिज्य संघ<br>राडो नेपाल, मकवानपुर |
| मानस चोक | आवश्यकता अनुसार | मकवानपुर उद्योग वाणिज्य संघ<br>राडो नेपाल, मकवानपुर | मकवानपुर उद्योग वाणिज्य संघ<br>राडो नेपाल, मकवानपुर |
| जिल्ला अदालत र उच्च अदालत अगाडि | आवश्यकता अनुसार | मकवानपुर जिल्ला अदालत बार एशोसिएसन | मकवानपुर जिल्ला अदालत बार एशोसिएसन |
| यातायात सेवा कार्यालय, मकवानपुर अगाडी | आवश्यकता अनुसार | नयाँ नारायणी यातायात व्यवसायी कं.प्रा.लि | नयाँ नारायणी यातायात व्यवसायी कं.प्रा.लि |
| शीतल महल चोक | आवश्यकता अनुसार | मकवानपुर उद्योग वाणिज्य संघ | मकवानपुर उद्योग वाणिज्य संघ |
| रक्तसञ्चार केन्द्र अगाडि | आवश्यकता अनुसार | नेपाल रेडक्रस, मकवानपुर | नेपाल रेडक्रस, मकवानपुर |
| हेटौडा औद्योगिक क्षेत्र गेट अगाडि | आवश्यकता अनुसार | उद्योग संघ मकवानपुर | उद्योग संघ मकवानपुर |

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी